लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# कपिलवस्तु अस्पताल

तौलिहवा, कपिलवस्तु

बोलपत्र नं. KAPH/G/NCB-02/082/83

प्रथम पटक प्रकाशित मिति- २०८२/०७/२६ (12-11-2025)

यस कपिलवस्तु अस्पताल, तौलिहवा, कपिलवस्तुमा आ.व. २०८२/८३ मा अस्पतालको लागि आवश्यक पर्ने क्लोज रिएजेन्ट/केमिकलहरु खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त उत्पादक कम्पनी/फर्म/आधिकारिक बिक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपुर्वक विद्युतीय बोलपत्र आव्हान गरिएको छ।

१. योग्यता पुगेका इच्छुक बोलपत्रदाताले तपशिलका खरिद कार्यका लागि सार्वजनिक खरिद अखनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp बाट बोलपत्र डाउनलोड गरि तपशिलको राजश्व खातामा जम्मा गरेको भौचर तथा आवश्यक कागजातहरु Scan गरि मिति २०८२/०८/२६ (12-12-2025) गते दिनको १२:०० बजे सम्म पेश (Submit) गर्नुपर्नेछ ।पेश भएका बोलपत्रहरु मिति २०८२/०८/२६ (12-12-2025) गते दिनको १४:०० बजे खोलिनेछ ।

तपशिल:

| IFB No. | Description | Price of Bid Document | Bid Security | Remarks |
|---|---|---|---|---|
| KAPH/G/NCB-02/082/83 | Procurement of Closed regent chemical For hospital ( Sysmex, HD Biosensor,Caretium ) | 3000.00 | 3,90,000.00 | |

बैंकको नाम :- राष्ट्रिय बाणिज्य बैंक, तौलिहवा, कपिलवस्तु, कार्यालयको नाम :- कपिलवस्तु अस्पताल, कार्यालय कोड नं :- ३७००१४९०२५ खाता नं.:- १०००१००२०००१००००, राजश्व शिर्षक नं.:- १४२२९

२. बोलपत्र जमानत वापतको रकम राष्ट्रिय बाणिज्य बैंक, तौलिहवा, कपिलवस्तुमा रहेको प्रदेश लेखा नियन्त्रक ईकाइ कार्यालय, तौलिहवाको धरौटी खाता नं. ३११०१००२०२०३०००० मा जम्मा गरेको भौचरको Scan copy वा बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा १२० दिनको म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी गरिएको Bid Security को Scan Copy संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्र भर्दा सबै आइटममा अंक र अक्षरमा स्पष्ट रुपमा भर्नुपर्नेछ । अंक र अक्षरमा अस्पष्टता भएमा जुन कम छ सो लाई मान्यता दिईनेछ।

४. बोलपत्रमा उल्लेखित रिएजेन्ट/केमिकलहरुको परिमाण थप घट हुन सक्नेछ । अस्पतालले आफ्नो आवश्यकता अनुसारको परिमाण पटक पटक वा एकै पटक खरिद गर्न सक्नेछ ।

५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक आईटम मात्र वा पुर्ण रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पुर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ।

६. बोलपत्रदाताले खरिद आदेश पाएको मितिले बढीमा ७ दिन भित्रमा आदेश अनुसारको रिएजेन्ट/केमिकलहरु अस्पताल स्टोरमा दाखिला गर्नुपर्नेछ । यसका लागि अस्पतालले छुट्टै ढुवानी भाँडा भुक्तानी गर्नेछैन ।

७. आपुर्ती गरिएका रिएजेन्ट/केमिकलहरुको Self Life कम्तिमा ८०% हुनुपर्नेछ । माथी उल्लेखित रिएजेन्ट/केमिकलहरु सम्बन्धि मेसिन तथा उपकरणहरुको निशुल्क नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी बोलपत्रदाताको हुनेछ ।सो वापतको कुनै पनि सर्भिस चार्ज कार्यालयबाट भुक्तानी हुनेछैन ।

८. खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धि कुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात बोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

९. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ ।

१०. बोलपत्रदाताले उपलव्ध गराउने रिएजेन्ट/केमिकलहरु स्पेशिफिकेशन अनुरुप हुनुपर्नेछ साथै बोलपत्र मुल्याङ्कनको क्रममा आवश्यक परेमा अस्पतालले माग गरे बमोजिमको नमुना(sample) पेश गर्नुपर्नेछ ।तोकिएको मिति भित्र नमुना पेश नगरेमा उक्त बोलपत्र मुल्याङ्कनमा समावेश गरिने छैन ।

११. बोलपत्रदाताले सप्लाई गरिएको रिएजेन्ट/केमिकलहरु Expiry हुन ३ महिना बाँकी हुँदा फिर्ता लिई सोही परिमाण बराबरको रिएजेन्ट/केमिकलहरु सप्लाई गर्नुपर्नेछ । त्यसरी रिएजेन्ट/केमिकलहरु फिर्ता लिन नआएमा वा फिर्ता बराबरको सामग्री सप्लाई नगरेमा सो बापतको रकम बिल भुक्तानी दिँदा कट्टा गरि भुक्तानी दिईनेछ ।

१२. रिएजेन्ट/केमिकलहरुको गुणस्तरमा कुनै शंका लागेमा बोलपत्रदाताले आफ्नै खर्चमा गुणस्तर परिक्षण गराउनु पर्नेछ । आपुर्ती गरिने रिएजेन्ट/केमिकलहरुको प्रत्येक प्याकिङ्को बाहिर उत्पादन मिति, म्याद गुज्रने मिति, ब्याच नं आदी उल्लेख भएको हुनुपर्नेछ ।

१३. स्वीकृत बोलपत्रको दररेट २०८३ असार मसान्त सम्म मात्र लागु हुनेछ । त्यस बिचमा मुल्य बृद्धि भएमा कुनै प्रकारको मुल्य बृद्धि रकम दिईने छैन । मुल्य अभिबृद्धि कर लाग्ने आईटमको विवरण सम्बन्धित महलमा अनिवार्य लेख्नु पर्नेछ ।

१४. यस सूचनामा छुट हुन गएका अन्य विषयहरुको हकमा सार्वजनिक खरिद ऐन( संशोधन सहित), २०६३ तथा सार्वजनिक खरिद नियमावली( संशोधन सहित), २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१५. थप जानकारीको लागि अस्पतालको स्टोर शाखामा सम्पर्क गर्न सकिनेछ ।

कार्यालय प्रमुख

व.मेडिकल सुपरिटेन्डेन्ट

कपिलवस्तु अस्पताल

तौलिहवा